आर्थिक बर्ष : २०७९/८०
बैठक संख्या : ८

आज मिति २०७९/०९/२५ गतेका दिन विरुवा गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री डन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री अनन्तराज न्यौपाने सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री लेख ब. राना वडा सदस्य - २
श्री दिपक ढुंगाना, योजना शाखा

मिति :२०७९/०९/२५

निर्णय नं. १

विरुवा गाउँपालिकाको बाह्रौ गाउँसभा (हिउँदे अधिवेशन) मिति २०७९/१०/०६ गते शुक्रबार विरुवा गाउँपालिकाको सभाहलमा गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. २

विरुवा गाउँकार्यपालिका कार्यालयमा रितपूर्वक घ बर्गको निर्माण ब्यावसायी ईजाजतपत्रको लागि निवेदन पेश गरेका र विरुवा गाउँपालिकाको "घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि,२०७४" (पहिलो संशोधन २०७९) बमोजिम प्रक्रिया पुरा गरेका तपसिल बमोजिमका फर्महरुलाई सो कार्यविधिको दफा २ बमोजिम ईजाजतपत्र प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

निकिता कन्स्ट्रक्सन हब प्रा.लि., विरुवा ४ स्याङ्जा।

सुपा कन्स्ट्रक्सन हब प्रा.लि., अर्घाखाँची।

टि. एम. टि. विल्डर्स प्रा.लि., अर्घाखाँची।

निर्णय नं. ३

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०७८/७९ को स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) र बित्तिय जोखिम मूल्याङ्कन (FRA) को नतिजा थप पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ४

विरुवा गाउँपालिकाको कृषक अनुदान बितरण कार्यविधि, संशोधित २०७९ को दफा ५ बमोजिमको कृषक अनुदान छनौट समितिले सिफारिस गरेका तपसिल २५ वटा कृषि तथा पशुपंक्षी फर्महरुलाई रु ७०,०००/- का दरले कार्यविधिको प्राबधान अनुरुप अनुदान स्वरुप प्रदान गर्ने साथै कृषक अनुदान शिर्षकमा विनियोजित रु २० लाख रकमबाट रु ६० हजार अध्यक्ष उत्कृष्ट कृषक पुरस्कारका लागि उपयोग गरी बाँकी रकमबाट अनुगमन मूल्याङ्कन बापत खर्च का लागि स्वीकृती दिने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

CS CamScanner

| क्र.स. | फर्मको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | मालमुल कृषि तथा पशुपालन फार्म | विरुवा -१ | ९८२८८७९३७४ | |
| २. | झाक्रीथुम्का कृषि तथा पशुपन्छि फर्म | विरुवा -१ | ९८४९८२५३२३ | |
| ३. | पार्वती कृषि तथा पशुपन्क्षि फर्म | विरूवा -१ | | |
| ४. | सुशिल बंगर तथा कुखरा पालन ब्यवसाय | विरूवा -१ | ९८०४१६४७९० | |
| ५. | श्वेता कृषि तथा पशुपालन फर्म | विरुवा -२ | ९८२४१५६८३० | |
| ६. | राना कृषि फर्म हाउस | विरुवा -२ | ९८०६६२०६६७ | |
| ७. | श्री डाँडा बारि कृषि तथा पशुपालन कृषक समुह | विरुवा -२ | ९८०६६१८३७५ | |
| ८. | श्री शारुथर बाखा पालन समूह | विरुवा -३ | ९८१५१६०४४६ | |
| ९. | सचिन एण्ड सचिना कृषि फर्म | विरुवा -४ | ९८१६६०९६०६ | |
| १० | उधमशिल पशुपालन तथा तरकारी फर्म | विरुवा -४ | ९८०६६६३०९५ | |
| ११. | यु.के. पशुपालन तथा फलफुल तरकारी फर्म | विरुवा -४ | ९८२६१९५९६८ | |
| १२. | महिमा कृषि तथा पशुपन्छि फर्म | विरुवा -४ | ९८१६१८९२८२ | |
| १३. | सुर्दशन कृषि तथा पशुपालन फर्म | विरुवा -४ | ९८४६२६९०४४ | |
| १४. | शिखर कृषि तथा पशुपन्छि फर्म | विरुवा -५ | ९८०६१०५८९७ | |
| १५. | आदर्श कृषि तथा पशुपन्छी फर्म | विरुवा -५ | ९८४६३४५४९८ | |
| १६. | नरेश नम्रता एकिकृत फार्म | विरुवा -६ | ९८४४९२००४८ | |
| १७. | अईरा झाक्री कृषि मल्टि फर्म | विरुवा -६ | ९८६०४१९१८० | |
| १८ | ज्याग्दि खोला कृषि तथा पशुपालन समूह | विरुवा -६ | ९८१७१२३०२३ | |
| १९ | मिरा कृषि तथा पशुपालन फर्म | विरुवा -७ | ९८१९१४९९५९ | |
| २० | ज्याग्दि खोला एग्रो फर्म | विरुवा -८ | ९८१७१३५७६२ | |
| २१. | ज्यादि मनकामना एग्रो फर्म | विरुवा -८ | ९८१५१७३३५५ | |
| २२. | सिजन कृषि तथा पशुपन्छि फर्म | विरुवा -७ | ९८१५४७६२३३ | |
| २३. | ज्यादि एकिकृत कृषि तथा पशुपन्छि फर्म | विरुवा -६ | ९८१६१८११३७ | |
| २४ . | थम नारायण कृषि तथा पशुपालन फर्म | विरुवा -४ | ९८४६६३८२४३ | |
| २५. | थापा कृषि एग्रो फर्म | विरुवा -१ | ९८६६०६३४२५ | |

निर्णय नं. ५

विरुवा गाउँपालिका क्षेत्रभित्रका बिद्युत लाईन र सडकको १० मिटर दायाँबायाँ तथा बस्तीको २० मिटर नजिक रहेका फलफुलका रुखहरुबाहेक जोखिमयुक्त अन्य रुखहरु कटान (BRUSH CUTTING) गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ६**

विरुवा गाउँपालिका वडा नं. ३ को कार्यालय भवनको छानो मर्मत बापतको विलअनुसारको एकमुष्ठ खर्च रकम रु २२,७००/- अन्य सम्पतिहरुको संचालन तथन संभार खर्च शिर्षकबाट भुक्तानि दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ७**

विरुवा गाउँपालिकाको लागि आवस्यक विभिन्न कानुनहरु निर्माण गरी आगामी हिउँदे गाउँसभा भन्दा अगाडी पेश गर्ने गरी बिधायन समितिका अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको समिति निर्माण गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

श्री नबिन कुमार आले : संयोजक

श्री खगनाथ शर्मा : सदस्य

श्री लेख बहादुर थापा : सदस्य

श्री अनन्तराज न्यौपाने : सदस्य

श्री पितामबर पोखेल : सदस्य

**निर्णय नं. ८**

विरुवा गाउँपालिका भित्रका तपसिल ग्रामिण सडकहरु सरसफाईका लागि प्राविधिक शाखासंग समन्वय गरी आवास्यक प्रक्रिया अगाडी बढाउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

- मोचाबारी बान्द्रे सडक विरुवा २
- सानोमाचाबारी देखी भिरकोट जोड्ने सडक विरुवा १
- सितडाँडा भ्यु टावर सडक विरुवा २

**निर्णय नं. ९**

आ.ब. २०८०/८१ का लागि राष्ट्रिय योजना आयोगमा खाद्य सुरक्षा तथा पोषण क्षेत्रका लागि आर्थिक प्रस्तावना सहित विशेष अनुदानमा बहुबर्षिय योजना संचालन गर्ने गरी बजेट माग गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner

निर्णय नं. १०

विरुवा गाउँपालिका कार्यालयमा विविध कारणले सहयोगको लागि निबेदन पेश गरेका तपसिल संस्थाहरु तथा ब्याक्तिलाई देहायबमोजिमको रकम तथा सामाग्री सहायतास्वरुप प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

संगम युवा क्लब विरुवा २ – रु २०,०००/-

वालिङ युनाईटेड क्लब वालिङ – रु २५,०००/-

रेमानसिंह बि.क.- आरान निर्माण सामाग्री

निर्णय नं. ११

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समयमा प्राप्त सुझाबहरु अध्ययन गरी गाउँपालिका कार्यालयले संचालन गर्ने प्रशासनिक लगायत बिकास कार्यहरु संचालन गर्दा सुझाबहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. १२

आ.ब. २०७९/८० मा संघीय समपुरक अनुदान अन्तर्गत बहुबर्षिय योजनाको रुपमा पेश भएको रहखोला मिलनचोक बगरीबोट सडकको लागि आ.ब. २०८०/८१ मा रकम माग गर्नुपर्नेमा त्रुटीबस रकम चाहिँदैन भनी अनलाईन प्रविष्टि हुन गएकोमा उक्त योजनालाई यस बर्ष बजेट बिनियोजन गरिदिन र समपुरक योजनामा क्रमागत योजनामा समाबेश गरिदिन राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने र उक्त योजना यस आ.ब.मा समेत समपुरक अनुदानमा पेश गर्ने सर्बसहमतिले निर्णय गरियो।